# रेसुङ्गा नगरपालिका


फोन नं :०७९५२०१५०

नगर कार्यपालिकाको कार्यालय

फोन/फ्याक्स :५२०४५७

तम्घास, गुल्मी

५ नम्बर प्रदेश, नेपाल

Email- resungamunicipality2071@gmail.com

web- www.resungamun.gov.np


प.सं. ०७६/०७७

चलानी नं. Ref.No ११३३

मिति: २०७६।०९/२४

श्री वडा कार्यालय,

सबै ।

**विषय : अपाङ्गता परिचयपत्र नविकरण गरीने जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा रेसुङ्गा नगरपालिकाको अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५, अनुसार रेसुङ्गा नगरपालिका भित्र बसोबास गर्ने अपाङ्गगता भएका व्यक्तिहरुले साविक महिला तथा बालबालिका कार्यालयबाट लिएको अपाङ्ग परिचयपत्र हालसम्म यस कार्यालयमा नविकरण नगरेको भएमा मिति २०७६ पुष मसान्त भित्र रेसुङ्गा नगरपालिका महिला तथा बालबालिका शाखामा निम्न कागजातहरु लिई उपस्थित हुनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५, परिच्छेद ५ को दफा २ अनुसार १ वर्षभित्र अपाङ्गता परिचयपत्र नविकरण गर्नुपर्ने नियमअनुसार मिति २०७६ पुस मसान्तभित्र नविकरण नगरेमा परिचय पत्र स्वत: मान्य नहुने कुरा अवगत गराउछौ साथै नविकरण नगरी सेवा सुविधाबाट बञ्चित भएमा नगरपालिका जवाफदेही हुने छैन स्वयम व्यक्ति हुनु पर्ने छ ।

संलग्न गर्नुपर्ने कागजपत्रहरु:

- जन्मदर्ता/नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- २ प्रति फोटो,
- परिचयपत्र प्राप्त गर्नको लागि स्वयं व्यक्ति उपस्थित हुनुपर्ने छ,
- पहिले प्राप्त गरेको अपाङ्गता परिचयपत्रको सक्कल प्रति ।

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा , रेसुङ्गा नगरपालिकाको -Web site मा अपलोड गरिदिनु हुन ।